# स्थानीय राजपत्र

**तानसेन नगरपालिका, पाल्पाद्वारा प्रकाशित**

**खण्ड ८) तानसेन, असार महिना २८ गते, २०८१ (संख्या ४)**

**भाग-१**

**तानसेन नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तानसेन नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## संवत् २०८१ सालको ऐन नं. ४

## ऐनको नाम : तानसेन नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) ऐन, २०८१

**प्रस्तावनाः** लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मैत्री एवं सहभागीता मूलक विकास निर्माण एवं सेवा प्रवाह गरी समाजमा विधमान नकारात्मक सामाजिक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याई लैंगिक तथा जातीय भेदभाव मुक्त समतामूलक स्वस्थ तथा समुन्नत नगरको निर्माण गर्न वाञ्छनीय भएकोले,तानसेन नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम, "लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

**(क)** "अपाङ्गता" भन्नाले शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धि बिचलन भएका ब्यक्तिहरुलाई सामाजिक अवधारणा, सोच र वातावरण जन्य परिस्थितिले अन्य ब्यक्ति सरह ब्यक्तिगत र सामाजिक जीवनमा पुर्ण रुपले सहभागी हुन नसक्ने अवस्था सम्झनु पर्छ ।

**(ख)** "अपाङ्गता मैत्री" भन्नाले अपाङ्गता भएका ब्यक्ति अनुकुल भन्ने सम्झनु पर्छ ।

**(ग)** "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

**(घ)** "अनुगमन समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ ।

**(ङ)** "उपप्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

**(च)** "कार्यपालिका" भन्नाले तानसेन नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

**(छ)** "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममातोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

**(ज)** "नगर सभा" भन्नाले तानसेन नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

**(झ)** "नगरपालिका" भन्नाले तानसेन नगरपालिका सम्झनु पर्छ ।

**(ञ)** "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ट) "ब्रेल" भन्नाले दृष्टिबिहिन अपांगता भएका ब्यक्तिहरुले अध्ययनका लागि, संचारका लागि प्रयोग गर्ने बिधि सम्झनु पर्दछ ।

(ठ) “लैङ्गिक” भन्नाले समाजबाट निर्मित महिला, पुरुष र अन्य लिंगीको भूमिका एवं पहिचानका साथै उनीहरु बीचको सामाजिक सम्बन्धलाई सम्झनु पर्छ ।

(ड) “लक्षित वर्ग” भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु, सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडावर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ ।

(ढ) “लैङ्गिक समानता” भन्नाले महिला, पुरुष र अन्य लिंगी बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

(ण) “लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) भन्नाले महिला, पुरुष, अन्य लिंगी, अपाङ्गता भएका व्यक्तिहरु र विभिन्न सामाजिक समूहहरु बिचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनु पर्छ ।

(त) “लैङ्गिक हिंसा” भन्नाले लिङ्गको आधारमा घरेलु हिंसा, कार्यस्थलमा हुने विभेद, यौनजन्य दुव्यवहार, सामाजिक कुरीतिजन्य तथा विभेदपूर्ण व्यवहार लगायत फरक लिङ्ग भएकै कारणले हुने हिंसा र भेदभाव सम्झनु पर्छ ।

(थ) “लैङ्गिक संवेदनशील” भन्नाले महिला, अन्य लिंगी, विपन्न तथा वञ्चितीमा परेकाहरुको विषयगत क्षेत्रका स्रोत तथा अवसरहरुमा पहँच पुगेको सुनिश्चित हुने गरी महिला,पुरुष र अन्य लिङ्गीका भिन्न आवश्यकताहरु तथा असमान शक्ति सम्बन्ध एवं असमानताहरुलाई सम्बोधन गरिएको अवस्थालाई सम्झनु पर्छ ।

(द) "सांकेतिक भाषा" भन्नाले बहिरा अपांगता भएका ब्यक्तिहरुले संचार गर्नका लागि प्रयोग हुने संकेतहरु सहितको अनुवाद गर्ने सकिने भन्ने सम्झनु पर्छ ।

(ध) "समावेशिकरण" भन्नाले शारीरिक वा बौद्धिक अपाङ्गता भएका र अन्य अल्पसंख्यक समूहका सदस्यहरू जस्ता अन्यथा बहिष्कृत वा सीमान्तकृत हुन सक्ने मानिसहरूका लागि अवसर र स्रोतहरूमा समान पहुँच प्रदान गर्ने अभ्यास सम्झनु पर्दछ ।

(न) “सशक्तिकरण” भन्नाले विकासका अवसरहरुबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्छ ।

(ऩ) "सहायक सामाग्री" भन्नाले अपाङ्गता भएका व्यक्तिको दैनिक दिनचर्या सजिलो बनाउन प्रयोग गरिने अतिरिक्त सामाग्री भन्ने सम्झनु पर्छ ।

(प) “वडा” भन्नाले नगरपालिकाको वडा सम्झनु पर्छ ।

(फ) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ब) “वञ्चित समूह” भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातीय, आर्थिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवं भौगोलिक कारणहरुले गर्दा पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, जेष्ठ नागरिक एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनु पर्छ ।

(भ) "यौनिक अल्पसख्यक" भन्नाले महिला, पुरुष बाहेकका एल.जी.बि.टी.आई.क्यु. बर्गिकरणमा पर्ने लिङ्ग वा अन्य लिंगी सबैलाई सम्झनु पर्छ ।

**३. ऐनको उद्देश्यः** लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण अवधारणा अनुसार नगरपालिकाको नीति, संरचना, सेवा प्रवाह तथा अभ्यासलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मैत्री तथा उत्तरदायी बनाउनु हो । यस ऐनको मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन्,-

(क)लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत तानसेन नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुहहरूलाई समावेश गरी लैङ्गिक समानता तथा अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण गर्ने,

(ख)बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु आदिको लागि न्यायमा सहज पहुँच सहित सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने,

(ग) स्थानीय तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संचरनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चिता गर्ने,

(घ)महिला र अपाङ्गता भएका व्यक्ति विरुद्द हुने सवै प्रकारका भेदभावर शोषणको अन्त्य गर्नु,

(ङ)आर्थिक समृद्दि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चिता गर्नु,

(च)महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरीव तथा वन्चितिकरणमा परेका समुहका मानिसहरूको क्षमता विकास गरी विकासमा प्रक्रियामा सक्रिय सहभागिताको सुनिश्चता गरी सबैको लागि पहुँचयुक्त समावेशी विकास प्रक्रियालाई सस्थागत विकास गर्ने,

(छ)लैङ्गिक उत्तरदायी बजेट मार्फत महिलाको अर्थपूर्ण सहभागिता अभिवृद्धि तथा सुनिश्चितता गरी लैङ्गिक उत्तरदायी शासन प्रणाली अवलम्बन गर्ने,

(ज) श्रोत साधनमा लक्षित वर्गको पँहुच अभिवृद्धि गरी समावेशी र न्यायोचित वितरणलाई संस्थागत गर्ने,

(झ)लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, सन्धी सम्झौताहरुको स्थानीयकरण र कार्यान्वयन गरी सबै नागरिकहरुलाई मूलप्रवाहीकरण गर्ने,

(ञ)लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवधारणलाई संस्थागत गर्नका लागि संरचनात्मक व्यवस्था गरी आवश्यक कार्यदिशा निर्दिष्ट गर्नु,

(त)संरचनागत तह तथा निर्णय प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख तथा वञ्चितीकरणमा परेका वर्ग र समुदायको अर्थपूर्ण सहभागीता तथा परिणाममा समान पहुँच तथा नियन्त्रणको सुनिश्चितता गर्ने,

(थ)लक्षित वर्गको नेतृत्व, व्यक्तित्व तथा क्षमता विकास गर्दै सहभागिता सुनिश्चित गरी आर्थिक रुपमा सबल तथा जीविकोपार्जनमा आत्मनिर्भर बनाउने,

(द)परम्परागत हानिकारक मूल्यमान्यता, कुसँस्कार र अभ्यासहरु विरुद्ध जनचेतना अभीवृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्न सामाजिक अभियान सञ्चालन गर्ने,

(ध)अवसर, श्रोत, साधन, सेवा, सूचना, सुविधा र परिणाममा सबै वर्ग, क्षेत्र, समुह र समुदायको समानुपातिक पहुँच, वितरण र नियन्त्रणको सुनिश्चितता गर्ने,

(न)अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार सहायक सामग्रीको व्यवस्थापन गर्ने,

(प)सुचना तथा सेवा प्रणालीलाई पहुँचयुक्त र प्रभावकारी बनाउन सांकेतिक भाषाको दोभाषेको ब्यवस्था गर्ने,

(फ)अपांगता भएका ब्यक्तिहरुका लागि छुट्टै सहायता कक्ष निर्माण गर्ने,

(ब)नगरपालिकाको खण्डीकृत तथ्याँक संकलन गरि सुचना प्रणाली तथ्यांक राख्ने ।

## परिच्छेद -२

## लैङ्गिक समानता, अपांगता एवं सामाजिक समावेशीकरण मापन

४. **लैङ्गिक समानता, अपाङ्गता एवं सामाजिक समावेशीकरणका लागि कार्यगत सूचकहरुः** लैङ्गिक समानताका लागि योजनाबद्ध विकासमा लैङ्गिक मूलप्रवाहिकरण गर्न, लैङ्गिक दृष्टिकोणबाट तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै लैङ्गिक मैत्री वातावरण सिर्जना गर्न र लैङ्गिक तथा अपाङ्गता संवेदनशील योजना तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्राप्त लागि मार्गनिर्देशन गर्न देहायका कार्यगत सूचकहरु रहेका छन्,-

(क) नगरपालिकाको अधिकृतस्तरको कर्मचारीलाई सम्पर्क अधिकृत तोकी लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क बिन्दुको स्थापना,

(ख) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन लगायत नीति निर्माण प्रकृयामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क बिन्दुको सक्रिय सहभागिता,

(ग) लैङ्गिक समानता, अपाङ्गता एवं सामाजिक समावेशीकरण मैत्री मानवस्रोत व्यवस्थापन,

(घ) महिला, अपाङ्गता, यौनिक अल्पसंख्यक र पुरुष कर्मचारीको लागि अलग अलग तथा अपांगता मैत्री शौचालयको व्यवस्था,

(ङ) लैङ्गिक समानता, अपाङ्गता एवं सामाजिक समावेशीकरण सम्बन्धी तालिम प्राप्त कर्मचारी,

(च) योजना, बजेट, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदनमा काम गर्ने कर्मचारीलाई लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिवृद्धि तालिम,

(छ) लैङ्गिक र अपाङ्गता संवेदनशीलता र समावेशीकरण मापदण्ड निर्माण तथा सो सम्बन्धीक्षमता विकासका कार्यक्रम सञ्चालन,

(ज) लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री पूर्वाधारको निर्माण तथा प्रयोगको सुनिश्चितता,

(झ) कार्यस्थलमा हुने हिंसा तथा दुर्व्यवहार निवारणको लागि लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मैत्री गुनासो सुनुवाई इकाईको व्यवस्था,

(ञ) लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता कायम गर्न प्रचलित कानूनको कार्यान्वयनको अवस्था,

(ट) लैङ्गिक समानता, अपाङ्गता एवं सामाजिक समावेशीकरण सम्पर्क बिन्दुको तोकिएको कर्मचारीलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यविवरण दिने व्यवस्था,

(ठ) योजना तर्जुमा अगाडि लैङ्गिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण विश्लेषण तथा अवस्थाको लेखाजोखा गर्ने व्यवस्था,

(ड) लैङ्गिक विश्लेषण तथा लैङ्गिक समाताको अवस्थाको लेखाजोखा र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण विश्लेषण प्रतिवेदनका सिफारिसलाई योजनामा समावेश गर्ने व्यवस्था,

(ढ) योजना तर्जुमा तथा कार्यान्वयनमा लक्षित समूहको समानुपातिक, समतामूलक र अर्थपूर्ण सहभागीतामा जोड दिनु पर्ने,

(ण) लक्षित समुदायको हित हुने र लाभान्वित हुने खालको बजेट व्यवस्था,

(त) लैङ्गिक खण्डीकरण तथ्याङ्क संकलन, व्यवस्थापन तथा अध्यावधिक गर्ने व्यवस्था,

(थ) लैङ्गिक समानताको बारेमा विभिन्न सञ्चार माध्यमबाट जानकारीमूलक कार्यक्रम स्थानीय भाषामा प्रसारण गर्ने व्यवस्था,

(द) विद्यालय तथा उच्च शिक्षाका पाठयक्रममा लैङ्गिक समानता तथा समावेशीकरण दृष्टिकोण लगाउने व्यवस्था र कार्यक्रमका साथ साथै विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण संवेदनशील बनाउनु पर्ने ,

(ध) लैङ्गिक दृष्टिकोणले समानुपातिक समावेशी स्थानीय तह बनाउने नीति र कार्यक्रम,

(न) लैङ्गिकमैत्री कार्य वातावरणका लागि आचारसंहिता तर्जुमा र कार्यान्वयन,

(प) साझेदारका लागि महिलाहरुद्वारा सञ्चालित सहकारीलाई विशेष प्राथमिकता दिई महिला सहकारीको प्रवर्द्धन,

(फ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण गरी अपाङ्गता भएका व्यक्ति र समूहको आवश्यकता पूरा गर्ने गरी भौतिक पूर्वाधार निर्माण गर्ने कार्यविधिको व्यवस्था,

(ब) लैङ्गिक तथा अपाङ्गता भएका व्यक्तिहरुको विशिष्ट मापदण्ड उपलब्ध गराउने व्यवस्था, विपद् तथा महामारीमा रजस्वला गर्भवती तथा सुत्केरी महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिकका फरक आवश्यकताहरुको यथाशीघ्र परिपूर्ति गर्ने व्यवस्था,

(भ) विभिन्न समुदायमा रहेको परम्परागत ज्ञानको पहिचान र प्रवर्धन गरिने रणनीति,

(म) लक्षित वर्ग तथा समुदायले सञ्चालन गरेको कृषि उद्यमलाई प्रवर्द्धन गर्ने,

(य) विश्वविद्यालयको छात्रवृत्ति कार्यक्रममा लक्षित वर्ग तथा समुदायका विद्यार्थीहरुलाई प्राथमिकता दिने,

(र) अपांगता भएका व्यक्तिहरुको सशक्तिकरण, नेतृत्व विकास र आयआर्जन सम्बधि क्रियाकलापमा सहभागी गराउने,

(ल) महिला तथा लक्षित वर्गका व्यक्ति वा समूह वा समुदायहरुको आर्थिक रुपमा सबल र दिगो विकास गर्ने खालका क्षमता अभिवृद्धि कार्यक्रमहरु आयोजना गर्ने,

(व) पालिका भित्र रहेका सरकारी, गैर सरकारी, अन्तराष्ट्रिय संघ संस्थाहरु, प्राईभेट लिमिटेड, समुह तथा अन्य रोजगारी प्रदान गर्ने व्यक्तिगत वा सामुहिक फारमहरुलाई पनि लैङ्गिक समानता, अपाङ्गता एवं सामाजिक समावेशीकरण संवेदनशील बनाउदै सोही अनुरुप कार्य गर्न प्रेरित गर्ने,

(न) अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार सहायक सामग्रीको व्यवस्थापन गर्ने,

(प) अपांगता भएका ब्यक्तिहरुका लागि छुट्टै सहायता कक्ष निर्माण गर्ने, सुचना तथा सेवा प्रणालीलाई पहुँचयुक्त र प्रभावकारी बनाउन सांकेतिक भाषाको दोभाषेको ब्यवस्था गर्ने,

(फ) नगरपालिकाको खण्डीकृत तथ्याँक संकलन गरि सुचनाप्रणाली तथ्यांक राख्ने व्यवस्था मिलाउने ।

**५. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका पूर्व शर्तः**

(१) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको पूर्व शर्त देहाय बमोजिम रहेको छ,-

(क) लिङ्ग, लैङ्गिक समानता, अपाङ्गता, सशक्तिकरण, सामाजिक वञ्चितिकरण एवं समावेशीकरणका धारणाहरु सबै तहका कर्मचारी र सेवाग्राहीले बुझ्ने गरी सरल भाषामा प्रष्टसँग परिभाषित गरिनु पर्ने,

(ख) लैङ्गिक, अपाङ्गता तथा समावेशीकरणका विषयमा विश्लेषणात्मक क्षमताको विकास गराइ सक्षम बनाउने उद्देश्य अनुरुप सो सम्बन्धी प्राविधिक ज्ञान प्रदान गर्नका लागि निश्चित कर्मचारीहरुका लागि तालिम प्रदान गर्नु पर्ने,

(ग) विविध मुद्दाहरुको पहिचान, यसको प्रारुप तयारी एवं क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि व्यवस्थापकीय तहहरुमा पर्याप्त समयको व्यवस्थापन गर्नु पर्ने,

(घ) श्रोत साधनको पहिचान गरी लक्षित वर्गलाई समयमै उपलब्ध गराउनु पर्ने,

(ङ) लैङ्गिक समानता र सशक्तिकरणलाई नगरपालिका र मातहतका शाखाहरुको कार्य सम्पादन सम्बन्धी सम्पूर्ण नीतिहरुमा समाहित गराउने उपयुक्त व्यवस्थापकीय संरचनाहरुको स्थापना गरिनुका साथै अनुगमन तथा मूल्याङ्कनका विधिहरुलाई वञ्चित समूहको सशक्तिकरणप्रति उत्तरदायी बनाउनु पर्ने ।

## परिच्छेद-३

## सदस्थागत संरचना

६. **अनुगमन समितिः**(१) नगरपालिका भित्र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायबीच समन्वय गर्न, लैङ्गिक समानता, अपाङ्गता र समावेशीकरणको सवाल तथा योजनाको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकामा एक अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन:-

| | |
|---|---|
| प्रमुख | संयोजक |
| उपप्रमुख | सदस्य |
| कार्यपालिकाद्वारा मनोनित कार्यपालिकाका सदस्यहरु मध्येबाट (एकजना महिला सहित) २ जना | सदस्य |
| नगरकार्यपालिकाद्वारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थामध्येबाट बढिमा ४ जना (एक जना महिला र एक जना अपाङ्गता भएका व्यक्तिको अनिवार्य सहभागिता) | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नगरपालिकाको विषयगत शाखा प्रमुख (सामाजिक विकास हर्ने) | सदस्य-सचिव |

७.**समितिको बैठकः** (१) समितिको बैठक वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ ।

(२) समितिको बैठकमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत गैर-सरकारी संस्था, महिला संजाल, युवा संजाल, अपाङ्गता भएका ब्यक्तिहरुको संजाल, लैंगिक तथा यौनिक अल्पसंख्यक समूह, आमा समूह, किशोर किशोरी बिज्ञ, उद्योग बाणिज्य संघ, पत्रकार महासंघका प्रतिनिधिलाई विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकारः** नगरपालिकाको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) नगरपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको पहुँचयुक्त खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने गराउने,

(ख) लैङ्गिक, अपाङ्गता, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने,

(ग) संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने,

(घ) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक, अपाङ्गता तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हकहीतको संरक्षण र सम्बर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने,

(ङ) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धि अन्तराष्ट्रिय सन्धी, सम्झौताहरुको कार्यान्वयनको लागि संघ र प्रदेश सरकारसँग समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने, गराउने,

(च) नगरपालिका क्षेत्रभित्र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्वन्धी काम गर्ने संघ-संस्थाहरुसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने,

(छ) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने,

(ज) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण सम्बन्धी बजेटको सुनिश्चितता गराउने,

(ञ) नगरपालिकाको नियमित रुपमा लैङ्गिक, अपाङ्गता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने,

(ट) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धित आचारसहिंता निर्माण गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

९.**वडास्तरीय अनुगमन समितिः**(१) नगरपालिकाको प्रत्येक वडामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न देहाय बमोजिम एक वडा स्तरीय समिति गठन गरिनेछ;-

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाका वडा सदस्यहरु | सदस्य |
| सम्बन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेका बढिमा ३ (एक जना महिला, १ जना अपाङ्गता भएका व्यक्ति) जना सदस्यहरु | सदस्य |
| सम्बन्धित वडाको वडा सचिव | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक वर्षमा बढीमा ६ पटक सम्म बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **वडास्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** वडास्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) वडा भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको पहुँचयुक्त खण्डीकृत तथ्याङ्क संकलन गरी हकहित संरक्षण सम्वर्धन र सशक्तिकरणकालागि कार्यक्रम बनाई वडामा पेश गर्ने।

(ख) वडाभित्र योजना छनौट प्रक्रियामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक आदि समुदायको पहुँचयुक्त र अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने ।

(ग) वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने।

(घ) वडाका सबै संरचनाहरूमा तेत्तिस (३३) प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्ने।

(ङ) वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण उत्तरदायि वा संवेदनशील भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गराउन सहजीकरण गर्ने,

(च) वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी विषयमा प्राप्त गुनासाहरु लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने,

(छ) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने,

(ज) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने आन्तरिक र बाह्यसंघ-सस्थासँग समन्वय र सहकार्य गर्ने,

(झ) वडाका सबै संरचनाहरुमा अपाङ्गता भएका व्यक्तिको पहुँच तथा सहभागिताको सुनिश्चिताको लागि आवश्यक पहल गर्ने ।

(ञ) लैङ्गिक तथा अपाङ्गता संवेदनशील योजना, बजेट र लैङ्गिक परिक्षणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने ।

(ट) लैङ्गिक हिंसा न्यूनिकरण, बालबालिकाको संरक्षण, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठनागरिकहरूको अधिकार सुनिश्चताका लागि आवश्यक पहल गर्ने र पहुँचयुक्त कार्यक्रमहरू तय गर्ने ।

११. **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकामा अधिकृतस्तरको कर्मचारीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति तोकिनेछ।

(२) उपदफा (१) मा जुनसकुनै कुरा लेखिएको भए तापनि सम्पर्क व्यक्ति तोक्दा कार्यालय प्रमुख भन्दा निकटतम तल्लो तहको कर्मचारी तोक्नु पर्नेछ ।

(३) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय तहबाट बनाइने योजना, बजेट, नीति तथा कार्यक्रमहरुमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दृष्टीकोण लगाउने र लैङ्गिक मैत्री योजना बनाउन सहयोग गर्ने,

(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि योजना बनाउनु अगाडि लैङ्गिक विश्लेषण र लैङ्गिक उत्तरदायी बजेटको परीक्षण गर्ने गराउने,

(ग) योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी सिद्धान्तले निर्दिष्ट गरेका सूचकका आधारमा स्थानीय तहको योजना र बजेट लैङ्गिक समविकासको दृष्टीकोणले लैङ्गिक मैत्री बनाउने कार्यमा सहयोग गर्ने,

(घ) लैङ्गिक समानताको लागि लैङ्गिक सहभागिता अभिवृद्धि गर्ने कार्यक्रम गर्ने,

(ङ) लैङ्गिक मैत्री योजना तथा बजेट बनाउँदा विपन्न, दलित, आदिवासी, सिमान्तकृत, पिछडिएको समुदाय, एकल महिला, यौनिक अलपसंख्यक, अपाङ्गता भएका समुदाय र महिलाको विशेष आवश्यकतलाई सम्बोधन गर्ने गरी तर्जुमा गर्न सहयोग गर्ने,

(च) यस ऐनमा भएको सूचकहरुको आधारमा स्वमूल्याङ्कन गरी वार्षिक प्रतिवेदन तयार गर्ने।

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१२. **गुनासो व्यवस्थापनः**(१) वडा कार्यालयको कार्य क्षेत्रभित्र भएका लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, सामाजिक विभेद, अपहेलना, दूरव्यवहार सम्बन्धी गुनासाहरू भएमा सम्बन्धित वडा कार्यालयमा दिन सक्नेछन ।

(२) उपदफा (१) बमोजिमको गुनासो लिखित रुपमा वा वडा कार्यालयमा स्वंय उपस्थित भई वा सम्बन्धित कर्मचारीहरु मार्फत राख्न सकिनेछ ।

(३) उपदफा (२) मा व्यवस्था गरिएको बाहेक वडा कार्यालयको वेब-साईट वा ईमेल र फोन मार्फत समेत गुनासो पठाउन सकिनेछ ।

(४) वडा कार्यालयले गुनासो संकलन तथा दर्ता व्यवस्थापनका लागि महिलाको तर्फबाट एक जना र पुरुषको तर्फबाट एक जना गरी दुईजनाको व्यवस्थापनको जिम्मेबारी वडा सदस्य वा कुनै कर्मचारीलाई दिने व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको जिम्मेवारी भएको व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) वडावासीहरुलाई गुनासो व्यवस्थापन संयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने,

(ख) गुनासोहरुको व्यवस्थापन तथा आवश्यक कारवाहीका लागि वडास्तरीय अनुगमन समितिलाईजानकारी गराउने,

(ग) वडा कार्यालय र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसमितिसँग सहकार्य गरी हिंसा पिडितलाई आवश्यक पर्ने सहयोग गर्ने,

(घ) वडामा विभिन्न माध्यमबाट आएका लैङ्गिक हिंसा, अपाङ्गता भएका व्यक्ति तथा महिलाका घटना, महिला हिंसा,घरेलु हिंसा र दुर्ब्यवहार सम्बन्धी घटनाहरुको दर्ता गरी खण्डीकृत अभिलेख राख्ने,

(ङ) सम्बोधन गरिएका गुनासोहरुको खण्डीकृत अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाई गुनासो प्राप्त भैसकेपछि र सम्बोधन भए पश्चात पहुचयुक्त भाषा वा सञ्चारको उपाय अवलम्बन गरी जानकारी गराउने,

(च) गुनासोहरुको उपयूक्त (सम्मान, सम्वेदनशीलता र पारदर्शी, समय आदि) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने,

(छ) कानुनी परामर्शको लागि सहजिकरण गर्ने,

(ज) विशेष सहजीकरण चाहिने अपाङ्गता भएका व्यक्तिहरुको घटना वा उजुरी माथि सहजीकरणका लागि अपाङ्गताको बिज्ञ वा अपाङ्गता अधिकारकर्मी, अभिभावक, सहयोगी वा सम्बन्धित सस्थाको प्रतिनिधिसँग समन्वय गर्ने व्यवस्था गर्ने,

(झ) गुनासो सुन्ने कक्ष अपाङ्गता, गर्भवति, सुत्केरी महिला, जेष्ठ नागरिक, किशोर किशोरी तथा बालबालिका मैत्री बनाउने,

(ञ) गुनासो दिने व्यक्तिको गोपनीयता कायम गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-४
## विविध

**१३. साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेः** नगरपालिकाले नगर-नगर साझेदारी कार्यक्रम मार्फत यस ऐन कार्यान्वयन गर्न साझेदारी गर्न सक्नेछ ।

**१४. अनुगमन तथा मूल्याङ्कनः**(१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सन्दर्भमा नगरपालिकाले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. वार्षिक प्रतिवेदनः**(१) नगर कार्यपालिकाले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी नगरपालिकामा भए गरेका काम कारवाही र परीक्षण समेतको विवरण सङ्कलन गरी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्दा आगामी कार्ययोजना समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन नगर सभामा समेतपेश गर्नु पर्नेछ।

१६. **अधिकार प्रत्यायोजनः** कार्यपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार विषयगत महाशाखा प्रमुख वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. **बाधा अड्चन फुकाउनेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडचन व्यवधान चुनौती आएमा यस ऐनको मूल मर्म र प्रावधानलाई प्रतिकुल असर नपर्ने गरी कार्यपालिकाले बाधा अडचन फुकाउन सक्नेछ ।

१८. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१९. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा लागू भए पश्चात लागू हुनेछ।

२०. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्नेछ।

२१. **ऐन कार्यान्वयन मापनः** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि नगरसभाले ऐन कार्यान्वयनको मूल्याङ्कन गरी कार्यान्वयनको सन्दर्भमा प्राप्त अनुभवको आधारमा ऐनमा समसामयिक पुनरावलोकन तथा सुधार गर्न सक्नेछ।

आज्ञाले
(हरिराम नागिला)
प्रमुख प्रशासकीय अधिकृत